अन्तिम लेखापरीक्षण प्रतिवेदन

किस्पाङ्ग गाँउपालिका, नुवाकोट

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
किस्पाङ्ग गाँउपालिका,
गाँउकार्यपालिकाको कार्यालय,
दोलखा ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः२०७८।०७९
च.नः २०३

मितिः २०७८।५।०४

श्री प्रमूखज्यू,
किस्पाङ गाँउपालिका,
नुवाकोट ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको रायः हामीले किस्पाङ गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. २ करोड ३७ लाख १ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु. ५५ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७७ लाख ३० हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।१०।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (३६) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

किस्पाङ गाँउपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६।०७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८२.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ८६१ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्षको प्राप्ती भुक्तानी हिसाव रु.			
		बजेट	आफैले गरेको प्राप्ती/भुक्तानी	बस्तुगत /सोझै भुक्तानी	जम्मा
प्राप्ती(क+ख)		३३१२०३१६४।००	३१००३३१३६।८६		३१००३३१३६।८६
तकोषमा आम्दानी बाँधिने)		३३१२०३१६४।००	३०५५९६५४५।८६	०	३०५५९६५४५।८६
११०० कर	११	६७२८५०००।००	५११९९७२४।८६	०	५११९९७२४।८६
१३०० अनुदान		२५२९१८१६४।००	२५२८४३०००।००	०	२५२८४३०००।००
संधीय सरकार	१२	२०३५२१०००।००	२०३४४६०००।००	०	२०३४४६०००।००
प्रदेश सरकार	१२	४९३९७१६४।००	४९३९७०००।००	०	४९३९७०००।००
जनसहभातिता					
१४००० अन्य राजस्व		११००००००।००	१५५३८२१।००	०	१५५३८२१।००
ख. अन्य प्राप्ती			४४३६५९१।००		४४३६५९१।००
धरौटी		०	४४३६५९१।००	०	४४३६५९१।००
भुक्तानी(ग+घ)		३५७८२४९६४।००	२४१४१५१३५।०४		२४१४१५१३५।०४
ग. भुक्तानी (संचित कोषबाट)		३५७८२४९६४।००	२४०१७०९३९।६३		२४०१७०९३९।६३
२१००० पारिश्रमिक/सुविधा	१८	४४७०३०००।००	३३४७१५३६।७८	०	३३४७१५३६।७८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	६८८९१०००।००	४१९०१४६८।००	०	४१९०१४६८।००
२६००० अनुदान	१८	६७२२८०००।००	६५९०२६७३।८५	०	६५९०२६७३।८५
२७००० सामाजिक सुरक्षा	१८	२८९५०००।००	२८१४९५०।००	०	२८१४९५०।००
२८००० अन्य खर्च	१८	३६३१८००।००	३१२७२५७।००	०	३१२७२५७।००
३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च	१८	१७०४७६१६४।००	९२९५३०५४।००	०	९२९५३०५४।००
घ. अन्य भुक्तानी			१२४४१९५।४१		१२४४१९५।४१
धरौटी		०	२१५१९१४।००	०	२१५१९१४।००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी			९०७७१८।५९		९०७७१८।५९
ङ. यो वर्षको बचत ९न्युन०		२६६२१८००।००	६८६१८००१।८२		६८६१८००१।८२
च.गत वर्षको जिम्मेवारी रकम९अ.ल्या०			२९१९९५२१।५३		२९१९९५२१।५३
वर्षान्तको बाकी रकम ९ङच०		२६६२१८००।००	९७८१७५२३।३५		९७८१७५२३।३५
बैक तथा नगद बाँकी	२४		९७८१७५२३।३५		९७८१७५२३।३५

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरिक्षण क्रममा असुलीः आ.व. ०७६।०७७ मा समाजिक सुरक्षा कार्यक्रमको तेश्रो चौमासिक निकासा खर्चमध्ये बाँकी रहेको वडा.न. ३ ४ र ५ को रु.३०४२०१ मिति २०७७।९।२१ मा नेपाल बैक लिमिटेड विदुरमा दाखिला भएको छ ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात भिडान भएको छैन । • प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैक कारोवारमा बर्षान्तको बाकी रु. ९३७९२५२३।३५ र अनुसुची २४ अनुसारको नगद तथा बैक बाकी रु. ९७८१७५२३।३५ भई बैक रु.४०२५००० ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैक तथा नगद बाकी रु. ९७८१७५२३।५३ मध्ये रु. ४०२५००० बैक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्राप्त नभएकोले हिसाव एकिन हुनु प्रर्दछ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि वित्तिय प्रतिवेदन म.ले.प फाराम २७२ र लेखाङ्कनमा रु. १२२७३१७०।७९ भिडेको छैन । • गाँउपालिकाको समपुरक अनुदान सुत्रानुसार खर्च रु. १३५५६७६ र प्रतिवेदन अनुसार खर्च रु.१०४१४४९३।५० देखिएको छ । फरक देखिएको र खर्च नभिडेको रु ३१४२२७४।५० को सम्वन्धमा एकिन हुनुपर्दछ । • पालिकाले पेश गरेको वितिय विवरण अनुसार पदाधिकारीहरुको सुविधा खर्चमा रु.३७१५००० मात्र देखियको श्रेस्ता परिक्षणवाट रु.४०१५७८२ खर्च लेखेको देखियो । अतः सुत्रको प्रतिवेदन भन्दा स्रेस्तामा बढी खर्च देखिएको रु. ३००७८२ सम्वनधमा एकिन हुनुपर्दछ । • सन्चीतकोष हिसावः पालिकाले लेखापरिक्षणलाई पेश गरेको संचितकोषको बैक नगदी किताब अनुसार बाकी रु. ६७५९९३०७।६५ र बैक स्टेटमेन्ट विवरण अनुसार बाकी रु. ७८५५७०६७देखाएको छ । बैक नगदी किताव बैक स्टेटमेन्ट अनुसार हिसाब भिडान गर्दा रु. १०९५७७५९।३५ ले बैक बढी देखाएको छ । लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।त्यसैले	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
१.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २९२९१३२१।५३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२९१९९५२१।५३ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९१८०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने रु...	९१८००
२.	**बैक हिसाब**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु२६०३४९८४।६१ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गनुप्रर्दछ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष ग(४)१	६७५९९३०७.६५	७८५५७०६७	
२	चालु खाता ग(२)१	८८५२१४४.९६	२३३७०५७२	
३	पुजिगत ग(२)३	१२५६६६३४	१३२०६६९२	
४	धरौटी ग(३)१	४७७४४३६.७४	२६०२७७१	
५	विविध खर्च खाता	१२६८३७.२९	२६३६३७.२९	
६	अन्तरीक राजस्व खाता	०	२९८०१८.६७	
७	प्रकोप ब्पवस्थापन	११४७१२९	१५२८७५०	
	जम्मा	**९३७९२५२३.३५**	**११९८२७५०७.९६**	२६०३४९८४।६१

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३.	**बैक नगदी किताब र आर्थीक विवरण नभिडेको** ः गाँउपालीकाले लेखापरीक्षणलाई पेश गरेको बैक नगदी किताब र आर्थिक विवरण तथा खर्चको फाँटवारी अनुसार निम्नानुसारको बजेटखर्च शिर्षमा बैक नगदी किताब र आर्थिक विवरण बीच रु.१५२४२८५९फरक परेको छ । बैक नगदी किताबमा खर्च भएको रकम भन्दा आर्थिक विवरणले बढी देखाएको रु. १५२४२८५९ को सम्वन्धमा एकिन हुनुपर्दछ ।	

सि.न.	कार्यक्रम	बैक नगदी किताब अनुसार खर्च रु.	आ.वि र फाँटबारी अनुसार खर्च रु.	फरक
१	प्रदेश सरकार बाट हस्तान्तरीत कार्यक्रम	१६३४८८६२	२५२११५६०	८८६२६९८
२	गाँउपालिका चालु	३३७४९४६२	४०१२९६२३	६३८०१६१
	जम्मा	**५००९८३२४**	**६५३४११८३**	**१५२४२८५९**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४.	**आन्तरिक नियन्त्रण प्रणाली**ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् मिति २०७७।४।३२ मा रु. २३१७६२४५।७३ संचित कोषमा ट्रान्सफर गरेको देखिन्छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • उपभोक्ता समिति मार्फत संचालन भएका योजनामा ६.५ प्रतिशत मु.अ. कर कट्टी गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १० र प्रशासनिकतर्फ १९ समेत २९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा २१ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फ रु. १८४३७३८१ शिक्षा तर्फ रु.४३९२५५८० र पालिका तर्फ रु. १४०२४७२५ समेत वर्षभरीमा रु.७६३८७६८६ खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १९ ऐन, ३ नियमावली, १२ कार्यविधि समेत ३४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • न्यायिक समितिले तर्फ यस वर्ष ९ वटा मुद्धा दर्ता भई ९ वटा नै फछ्यौट भएको पाइयो । • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख, मर्मत संम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । • भ्रमण र मर्मत अभिलेख नराखेको । • भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको । • यातायात खर्च भुत्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको । • संचालित सवै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन • रु २० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको । • योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको । • करकट्टी रकम आर्थिक वर्षको अन्त्यमा एकमुषठ तथा आ.ब. पश्चात दाखिला गरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**सेवा प्रवाह** लेखापरिक्षणलाई प्रास विवरण अनुसारआ आ.ब. ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।	

सि. न.	विवरण	विवरण सेवा प्रासिका लागि निवेदन र सिफारिस सख्या
१	विवाह दर्ता	१२१
२	जन्म दर्ता	३३५
३	मृत्यु दर्ता	८१
४	बसाईसराई दर्ता	८
५	सम्वन्ध विच्छेद	७
६	नागरिकता सिफारिस	३०४

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	७ | अन्य निवेदन सिफारीस | २८९६	
	८ | घरबाटो सिफारीस | ११०	
	९ | चारकिल्ला सिफारिस | ७४	
	१० | नाता प्रमाणीत | ९२	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
६.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री मायादेवी न्यौपाने ले २०७६।३।१० गते रु.२९ करोड ४७ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई रु. २९ करोड ४७ लाख ७५ हजार को बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६.१.	पालिकाले कुल बजेट अख्तियारी गरी रु. २९४७७५ हजार देखाएकोमा LMBIS मा रु.३५७८२५ हजार देखिन्छ । कार्यालयको बजेट भन्दा मा LMBIS रु. ६३०५० बढी देखिन जान्छ । उक्त बढी रकम मध्ये संघ।प्रदेश समपुरक र विशेष अनुदानवाट रु. ४८६ लाख थप गर्दा रु. १४४ लाख को स्रोत खुलेको पाइएन ।	
७.	**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाको यस वर्ष विभिन्न १०६ योजना संचालनको लागि रु.३० करोड ३१ लाख २५ हजार बजेट व्यवस्था गरेकोमा रु.२० करोड १२ लाख ३९ हजार खर्च भएको देखिन्छ । सञ्चालित योजनाहरू मध्ये १ लाख भन्दा कममा १ योजना १—५ लाख सम्मका ७३ योजना, ५—१० लाख सम्मका १८ योजना र १० लाख भन्दा माथी १४ योजना सञ्चालन भई १ वटा योजना क्रमागत रहि उपभोक्ता समितिवाट ८० र ठेक्कावाट १३ योजना संचालन गरेको पाइयो । पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ । पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।	
८.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ३ करोड ९० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम गाँउसभाको २०७७।९।२० को निर्णयबाट पुजीगततर्फ १०८ योजनामा रु. ३ करोड ९० लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	(रु. हजारमा)	

क.स.	अवण्डा शिर्षक	रकम	अवण्डा वाट खर्च भएको कार्यत्रम
१	पालिका क्षेत्रभित्रका खानेपानी सुधार कार्यक्रम	१५००	पूजिगत तर्फ १०८ योजनामा रु ३९००० खर्च भएको
२	पालिका क्षेत्रभित्रका विभिन्न स्थानमा गोरेटो वाटो निर्माण	२५००	
३	पालिका क्षेत्रभित्रका बाढी पहिरो नियन्त्रण	२०००	
४	समपुरक कार्यक्रम	३००००	
५	पालिका क्षेत्रभित्रका विभिन्न सडक स्तरोन्नती	३०००	
	जम्मा	**३९०००**	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९.	**कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा गाउँसभाको मिति ०७७।९।२० को निर्णयले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो । **(रु. हजारमा)**	

मैजुदा कार्यक्रम	रकम	परिवर्तित कार्यक्रम	रकम
विभिन्न १४ शिर्षक (चालु ३ र पुजीगत का ११ कार्यक्रम)	५३३००	विभिन्न ९ शिर्षक (पुजिगत मात्र)	५३३००
		वडा नं. १ रु. ५२००	
		वडा नं. २ रु. ३३००	
		वडा नं. ३ रु. ५८००	
		वडा नं. ४ रु. ३४५०	
		वडा नं. ५ रु. ५८५०	
		पालिका रु ९६५०.	
		समपुरक रु. २००५०	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१०.	**प्रगति विवरण नभएको** ः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत ८० योजनाहरु समेत कुल १०६ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अत ः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।	
११.	लेखापरिक्षणलाई प्राप्त आर्थिक विवरण अनुसार देहाय वमोजीमका कार्यक्रमहरु यस वर्ष संचालन भएको पाइएन । पालिकाले वजेट ब्यवस्था भएका कार्यक्रमहरु तोकिएको समयमा संचालन तथा सम्पन्न गर्नु गराउनु पर्दछ । सञ्चालन नभएका तथा शुन्य प्रगति भएका केहि कार्यक्रमका उदाहरणः **(रु. हजारमा)**	

सि. न.	बजेट/उपशिर्षक	बजेट	कार्यक्रम खर्च
१	पालिका स्वास्थ्य कार्यक्रम १० वटा	५९३२	००
२	राष्ट्रिय परिचयपत्र तथा पंजीकरण २ वटा	११८	००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३	पालिका कृर्षि १ वटा	९००	००
५	संघिय सशर्त कार्यक्रम १ वटा	१००	००
६	संघिय सरकारवाट हस्तान्तरीत कार्यत्रम विभिन्न ४ वटा	५९६	००
७	गाँउपालिका पूजिगत तर्फका विभिन्न २ वटा कार्यक्रम	६९७०	००
८	गाँउपालिका चालुतर्फका विभिन्न ३ वटा कार्यक्रम	१७००	००

१२. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	गाँउपालिका	७०८९७	४८४६	१४४४२	५१६०९	४२५३१
	खर्च प्रतिशत		**६.८३**	**२०.३७**	**७२.८१**	**५९.९८**

१३. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । **(रु. हजारमा)**

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३५१०६	१५३६५	६.३९
सामाजिक क्षेत्र	१३४२४७	११२४२१	४६.८
पूर्वाधार विकास क्षेत्र	१३२९९५	७३०४१	३०४१
अन्तर सम्वन्धीत क्षेत्र	७७७	४१२	०.१७
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	५४७००	३८९३२	१६.१९
जम्मा	**३५७८२५**	**२४०१७१**	**१००**

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

१३.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २०९९९ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु. ३११३०७ हजार समेत बैक नगदी किताव अनुसार रु. ३३२३०६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. १४७२१७ हजार र पूँजिगत तर्फ रु. ९२९५३ हजार समेत रु. २४०१७० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.७४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ४०१६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १९.१२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७.२८ प्रतिशत चालु र २९.८५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१३.२.	लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु २०९९९ हजार रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु३८९३२ हजार रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा १८५ गुणा बढी रहेको छ । पालीकाले आन्तरीक आम्दानीका थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१४.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ११ जना कर्मचारीहरु करारमा राखी रु.२३४५ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा ३ जना करार नियुत्त गरी साझेदारीमा १ जना लाई २५ प्रतिशत र २ जनालाई ५० प्रतिशत गरी बर्षभरीमा रु. ४६२८९८ भुक्तानी गरेको देखिएको छ ।	
१५.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष कल्याण कोषको स्थापना गरेको देखिएन ।	
१६.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आ.ले.प सहायक पाचौ तह १ जना पदपुर्ति गरि आन्तरीक लेखापरिक्षण गराएको देखिन्छ । आन्तरीक लेखापरिक्षण लेखापरीक्षाणमा प्रभावकारीता अभिवृद्धी हुनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
१७.	**पदाधिकारी सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी संचारमा रु.४१०००, खाजामा रु.५८०००, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु.३१००० खानेपानी तथा बिजुलीमा रु.२१०००, सरसफाई तथा मर्मतमा रु.१६०००, यातायातमा रु.५५०००, अतिथि सत्कारमा रु.७००० र ०७६ असोजसम्मको पारीश्रमिकमा रु.७८४७८२ समेत जम्मा रु.४०१५७८२ खर्च लेखेको देखिन्छ ।	
१८.	**बैठक भत्ता** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भएका सूविधा मात्र पाउने उल्लेख छ । पालिकाले न्यायीक समितिको २०७६ असोजसम्मको ३ वटा बैठकमा तोकिएको दर भन्दा बढी बैठक भत्ता भुत्तानी गरेको रु ९०५० असुल हुनुपर्ने रु...</td><td>९०५०</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.न.मिति</th><th>नाम</th><th>बैठक संख्या</th><th>कर कट्टी पछिको भुक्तानी</th></tr>
<tr><td>३१।०७६।७।२१</td><td>सम्झना अधिकारी</td><td>६</td><td>२२५०</td></tr>
<tr><td>३१।०७६।७।२१</td><td>करण मोत्तान</td><td>४</td><td>१७००</td></tr>
<tr><td>१७७।०७७।२।३०</td><td>सम्झना अधिकारी</td><td>१२</td><td>५१००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९०५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td>शिर्षक फरक पारी खर्च लेखेकोः अर्थ मन्त्रालयवाट जारी भएको कार्य संन्चालन निर्देशिका २०७३ को बुँदा न ३.३.२ खर्च शिर्षकको बर्गिकरण र ब्याख्या बमोजिम खर्च लेख्नुपर्दछ । पालिकाले रु ३००७८२ पदाधिकारीको सेवा सुविधा खर्च शिर्षक २१११२ वाट खर्च लेख्नुपर्नेमा अन्य भत्तावाट २११३९ बाट लेखेको खर्च अनियमित देखिएको रु.</td><td>३००७२८</td></tr>
<tr><td>२०.</td><td>वैदेशिक भ्रमण – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी बैदेशिक भ्रमणमा रु.६३८८५ खर्च भएको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>बैदेशिक भ्रमणमा जानेको पद र नाम</th><th>भ्रमण गरेको देश</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>अध्यक्ष श्री छत्र बहादुर लामा</td><td>चिन</td><td>६३८८५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६३८८५</td></tr>
</table>
यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियम उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष गाडी भाडामा रु.२५ लाख र खाना तथा विविधतर्फ मात्र रु. १३७४७८८ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>सामाजिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार खर्च प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. २८१४९५० सामाजिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>२३.</td><td>अनुदान फिर्ता —संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.१९५५५८१७ र प्रदेश ससर्त अनुदानको रु.१४२६६४३९.५० समेत जम्मा रु.३३८२२२५६.५० मिति २०७७।४।१२ मा नेपाल बैक लिमिटेड त्रिशुली शाखामा दाखिला भएको देखिन्छ ।उल्लेखित निकासा बाहेक पालिकाले</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ठेक्का सम्झौता गरि सम्झौता रकम बरावरको अनुदान खर्च लेखेको तर देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु...	८३१०६३१।६१

सि.न.	कार्यक्रम	ठेक्का सम्झौता कन्टीजेन्सी बाहेक	खर्च देखाएको	बास्तवीक खर्च	बाँकी
१	सघिय सरकार विशेष	२६२२३४७.४	२६२२३४७.४	१८८४६३३.७७	७३७७१४.१७
२	प्रदेश विशेष	७२५४२०१.२८	७२५४२०१.२८	५६६३०८४.८४	१५९१११६.४४
३	सघिय समुपुरक	१६८९४९२१	१६८९४९२१	५३३९५९७.७९	५७७७६६१
४	प्रदेश समपुरक	१९६२९६१९.३१	१९६२९६१९.३१	१९२२१३३८.६१	२०४१४०
	जम्मा				**८३१०६३१.६१**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२४.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, रु. १४३८५०० खर्च लेखेका छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

खर्च शिर्षक	कार्यक्रम	अनुदान पाउने	अनुदान रकम
कृर्षि	किवि विरुवा वितरण	नमोबुघ सहकारी संस्था लि	२०००००
कृर्षि	तरकारी विउ वितरण	१७२ ब्यक्ती	२०००००
कृर्षि	कोदो थ्रेसर वितरण	महीला तरकारी कृर्षि समुह	५४०००
कृर्षि	५० प्रतिशत स्प्रेयर वितरण	१ सहाकारी २ समुह र १४ ब्यक्ती	३७५००
कृर्षि	अधुनिक मौरी घार वितरण	३ सहाकारी २ समुह र ११ ब्यक्ती	१६५०००
पशु	पशु सुत्केरी भत्ता वितरण	विभिन्न १२३ जना	४५९०००
पशु	गाई भैसी सुत्केरी भत्ता वितरण	विभिन्न ११२ जना	४२३०००
पशु	घास विउ वेर्ना वितरण	विभिन्न	२६००००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२५. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको व्यवस्थापन खर्चमा लागि रु.४३१००० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

सि.नं.	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
१	शुभ नव विहानी कृर्षि स.स.लि	अन्तरक्रिया	१३१०००
२	शुभ नव विहानी कृर्षि स.स.लि	अनुदान	३०००००
	जम्मा		४३१०००

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

२६. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले एकमुष्ठ रुपमा बार्षिक रु.७० लाख अनुमान गरेतापनि शिर्षकगत अनुमान गरेको देखिएन।सुत्राअनुसार आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पती बहालकर	५००००००	८२६४९७४	१६५.२
भुमिकर मालपोत	१००००००	६१२६३०	६१.२६
व्यवसाय कर	०	०	०
वहाल विरौटी शुल्क	०	०	०

२६.१. पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६.२. **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकामा यस वर्ष ३ वटा व्यवसायी दर्ता भएतापनि नविकरण र कर सकलन भने भएको छैन ।

२६.३. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले योवर्ष नगदी रसिदवाट आन्तरिक आम्दानी रु. ८११०६४ गरेको बिवरण प्राप्त भएको छ । गाँउपालिका कार्यालय र ५ वटा वडा कार्यालयहरुले तोकिएका म.ले.प.फारम नं. १०५, १०६ १०७ र १०८ लगायत अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा गाँउपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन ।

गाँउपालिकाको वडागत नगदी तथा मालपोत आम्दानीको अवस्था निम्नानुसार देखियो ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

वडा नं.	गएको ठेली नगदी/ मालपोत	बुझिलिने नाम	फिर्ता आएको ठेली	नगदी रसिद आम्दानी	मालपोत रसिद आम्दानी	जम्मा रकम	बैंक दाखिला
१	२०	मन माया घले	१८	४५९२५	३५१२२	८१०४७	८१२५७
२	२०	राज कुमार ओझा	२०	९१४५०	४२९९८	१३४४४८	१३४४६८
३	२०	चन्द्र बहादुर तमाङ	२०	५५२३४	१७९४४२.५६	२३४६७६.५६	२३४६७७
४	२०	राम बहादुर सापकोट	२०	५५१००	८३६४	६३४६४	११०६४६
५	२०	रंजिता श्रेष्ठ	२०	८२३२६	१६७६९०	२५००१६	२५००१६
		जम्मा		४३३६१६।५६	३३००३५	७६३६५१.५६	८११०६४

२६.४.

- वडा न. १ को रसिद न. ३५१ देखि ४०० नगदी रसिद र मालपोत रसिद न. ३०१ देखि ३५० सम्मको लेखापरीक्षाण अवधी मिति २०७७।९।२५ सम्म पनि बुझाएको पाइएन ।
- वडा न. १ को बैक दाखिला रकम रु. ८१२५७ को बैक दाखिला भौचर नरहेको तर बैक स्टेटमेन्टका अधारमा दाखिला रुजु गरीएको छ ।
- बैक दाखिला कम रु.८११०६४ को लेखा स्रेस्ता दुरुस्त अभिलेख राखेको पाइएन ।
- बैक दाखीला रकम ढिला दाखिला बर्षको २ पटक देखि ५ पटकसम्म गरेको सम्वन्धमा पालिकावाट यथार्थता एकिन गरी हर्जना समेत असुल गर्नुपर्दछ ।
- कुल अम्दानी रकम भन्दा रु.४७४१२।४४ बढि राजस्व दाखिला गरेको सम्वन्धमा पुष्टयाई पेश हुन आएन ।
- वडा न. ५ को २ ठेली नगदी रसिद गिटी वालुवामा प्रयोग भएको देखियो ।

२६.५. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।बैक भौचरका अधारमा अम्दानी बाधेको र सो आम्दानी के कहिले आम्दानी भयो वडागत रुपमा अभिलेख राखेको पाईएन । अभिलेख ब्यवस्थित गरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।

२६.६. गत आ.व.मा छपाई भएका नगदि रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक गरेको पाइएन ।

- **आयकर एवं मू.अ.कर**

२७. **मूल्य अभिवृद्धि कर कट्टी** - मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६(ज) तथा मुल्य अभिर्वद्धि कर नियमावली, २०५३ को २१ औ शंशोधनले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले ठेक्का अन्तर्गतको भुक्तानीमा ५० प्रतिशत मु.अ.कर कट्टी तथा दाखिला गरेको तर देहायवमोजीमको भुक्तानीमा ५० प्रतिशत करकट्टी गरेको पाइएन । केहि उदाहरणहरु निम्नानुसार छन ।

गो.भौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
५।०७७।३।२९	व्यवसायीक परामर्श तथा प्रशिक्षण केन्द्र	३०४९१३४७३	३०००००	३४५१५	१७२५७।५०

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२८।०७७।३।२८	विकास तथा वातावरण सरक्षण केन्द्र	३०१२९५०१३	२०००००	१२६५५	६३२७।५
१९७।०७७।३।७	स्मारीका ट्रेडर्स	६०११३४१६६	११३०००	१४६९०	७३४५
२२३।०७७।३।३१	ब्यास स्टेशनरी	३०१९०७२९३	२८३४४७	२२६१७	११३०९
२३१।०७७।३।५	कोडरेन वेल डेभलपमेण्ट सेन्टर	६०३०८५१५४	४९०००१	५६३७२	२८१८६
२६८।०७७।३।३०	अर.डि. फर्निचर ट्रेडर्स	३०२८८८२४५	२७१२००	३१२००	१५६००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२८.	**मू.अ.करमा दर्ता नभएकासँग खरिद** ः मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १०(क) बमोजीम मु.अ.कर दर्ता हुनुपर्नेमा कारोवार पान विल प्रयोग गरी रकम भुक्तानी लिएको पाइयो । ऐनले निदिष्ट गरेका प्रावधान विपरीत भए गरेका कारोवार एवं भुक्तानी नियम सम्मत नदेखिएको रु...	४०८४२६

कार्यक्रम	गो.भौ.नं. र मिति	भुक्तानी पाउने	कारोवार रकम	पान न
प्रदेश चालु	१०।०७७।३।२८	अपाङ्ग मानव अधिकार मंच नुवाकोट	३०००००	६०११८८३९८
स्वास्थ्य	१६।०७७।१।२८	सापकोटा मेडिकल हल	५२४२६	५००१०७५२०
पालिका चालु	२७९।०७७।३।३१	पूजा डजीटल फोटो	५६०००	३०३८०९४४३
	जम्मा		४०८४२६	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२९.	**कट्टी रकम दाखीला बाँकी**ः अयकर एन २०५८ को दफा ८७, ८८ र ८९ अनुसार देहाएबमोजिमको कर कट्टी र कन्टीजेन्सी कट्टी गरी दायित्व सिर्जना गरी रखेको रकम दाखीला गरेको पाईएन । दाखिला गर्न बाकी रु. ९६९८२९.५९ को दाखिला प्रमाण पेश हुनुपर्ने रु.	९६९८२९.५९

सि.न	शिर्षक	दाखीला गर्न बाकी कर रु.
१	प्रकोप ब्यवस्थापन अग्रीम कर	३३३११
२	विभिन्न शिर्षक कन्टिजेन्सी दायित्व	९०७७१८.५९
३	विविध खाता (७।०७७।३।२५) अग्रीम कर	२८८००
	जम्मा	**९६९८२९.५९**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३०.	**धरौटी**ः कार्यालयले गत आर्थिक बर्षको जिम्मेवारी रु.२५२८२५९।७४ सारेकोमा बैक नगदी कितावमा रु. २४८९७५९।७४ आम्दानी देखिएको छ ।आर्थिक विवरणले भन्दा बैक नगदी कितावले घटी जिम्मेवारी देखाएको रु.३८५०० को सम्वन्धमा एकिन हुन सकेन । धरौटी हिसावको अभिलेख एकिन हुनुपर्दछ ।	
३०.१.	**धरौटी फिर्ता**ः धरौटी फिर्ता गर्दा धरौटी कारोवारवर्षको कर चुक्ता प्रमाण पत्र र कर समायोजन गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्नेमा निम्नानुसार धरौटी फिर्ता गरेको पाइएकोले नियमावलीको पालना भएको छैन ।गाँउपालिकाले निम्नानुसारको धरौटी फिर्ता गर्दा कर चुक्ता र मु.अ.कर समायोजनको पत्र पेश गरेको पाइएन । सोको प्रमाण पेश हुनुपर्ने रु.	५५६२५०

गो.भौ.न.	भुक्तानी पाउने	फिर्ता रकम रु.

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	१।०७६।७।४ — व्यवसायीक परामर्श इकाई — १५६२५० ६।०७६।८।१९ — सन्तोषी निर्माण सेवा — ४००००० **जम्मा** — **५५६२५०**	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३१.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गो.भौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२८।०७६।९।२०	वडा न ५ मोटरवाटो मर्मत	मोटरवाटो मर्मत	९५००००	एक्साभेटर	७९३२६०
९९।०७७।३।१८	भाल्चे खेल मैदान निर्माण	खेल मैदान निर्माण	५०००००	एक्साभेटर	२९५०००
११२।०७७।३।१९	सलाखु खोला नियन्त्रण वडा २ र ५	नदी नियन्त्रण	१५०००००	एक्साभेटर	११००६२६
१२८।०७७।३।२६	सुर्ग्याम छोना चामछप्या सडक	सडक निर्माण	४०००००	एक्साभेटर	२९११४०

	नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
३१.१.	माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको गाँउपालीकाले उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको अधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभिइक्युपमेन्टहरु प्रयोग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले गाँउपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोक्ता समितिसँग भुक्तानी लिएको पाइएकोले उत्त निर्माणा कार्यहरु बास्तवीक रुपमा भएका छन भनी आस्वस्थ हुने अधार एकिन भएन ।	
३२.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	फर्मबाट बोलपत्रको माध्यमवाट प्रतिस्पर्धा गराई गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

क्र.स	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१	भाल्चे खेल मैदान	खेल मैदान	५०००००
२	साप्चेत कल्भट निर्माण	कल्भट निर्माण	२०००००
३	श्री मिलीजुली कृषक समुह भवन निर्माण	भवन निर्माण	३०००००
४	बैरामाङ्ग पक्की गोरेटो वाटो	गोरेटो वाटो	३०००००
५	च्याताङमु चौतारा ट्रस भवन निर्माण	भवन निर्माण	२५००००
६	याकोल्मो खानेपानी धारा निर्माण	धारा निर्माण	१५००००
	जम्मा		**१७०००००**

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३३.	**सव कन्ट्याक्टरवाट काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट काम गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्रयाक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अकिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही निःशुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोक्ताको योगदान बाहेकको बाकी रकम निर्माण ब्यावसायीको कर विजक पेश गरी भुक्तानी गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्:	

भौ.न.मिति	योजनाको नाम	लागत अनुमान	कार्यसम्पन्न	भुक्तानी	मेशिनको विल	कैफियत
९।०७६।७।६	४ न. वडा भित्र पर्ने शाखा वाटाहरु मर्मत	९७१३०४	८०९८६७	६७२१९०	६५०३३९	डि.एम. कन्स्ट्रक्सन प्रा.लि बालाजु १६
३६	वडा न.३ का मोटर वाटो निर्माण	७३३९६२	७३४०४७	६५००००	७३९०००	एस.एस. सप्लायर्स ढुवानीसेवा कन्ट्रक्सन
१०१।०७७।३।१९	वोल्दोङ जोङ्सा ग्यर्कुसेप्पा	३४१५५५	३४१७८१	३०००००	३४२०००	डि.एम. कन्स्ट्रक्सन प्रा.लि बालाजु १६
१४१।०७७।३।३०	चामपानीकोठेगाँउ देखि अर्चले जाड्ने सडक	१७०९५९९।३६	१७०७५००।५२	१४९८१२८	१२५४९५३	एल.एस. कन्ट्रक्सन विदुर ३
१११।०७७।३।१९	गुन्सा किच्चो मुन्सा सडक	५६४९५७	५६५०८३	५०००००	५६७५००	ब्रदर्स कन्ट्रक्सन एण्ड सप्लायर्स किस्पाङ्ग ३

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३४.	**डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार किस्पाङ्ग पोखरी र पैदल मार्गको गुरुयोजना सहित डि.पि.अर तयार	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गर्ने कामको लागी प्रस्ताव पेश गरेका परामर्शदाता मध्ये आर.डि.ए.आर.सि. नेपाल प्रा.लि बुद्धनगर वानेश्वरको प्रस्ताव स्विकृत गरी डि.पि.आर प्रतिवेदन पेश गरेको अधारमा रु. १६४९८०० भुक्तानी भएको छ ।	
	खरिद	
३५.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२९१६८१४ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः	

कार्यत्रम	भै.न. मिति	खरिद विवरण	भुक्तानी पाउने	भुत्तानी रकम
प्रकोप	४।०७७।१।४	औषधि तथा समाग्री	जनमुखी हेल्प ईन्टरप्राईजेज	५१२९४३
	१०।०७७।२।२१	औषधि तथा समाग्री	विभिन्न	२१९६७२
	१२।०७७।३।१	औषधि तथा समाग्री		
प्रदेश चालु	८।०७७।३।२६	औषधी	नुवाकोट मेडिसिन डिष्ट्रब्युटर्स	५८२००
स्वास्थ्य	९।०७६।१२।२६	औषधी	गुरास सप्लायर्स	१६९६१०
	१०।०७६।१२।२८	औषधी	फिफा मेडिसीन सप्लायर्स	४४३४५८
	१६।०७७।१।२८	औषधी	सापकोटा मेडिकल हल	५२४२५
	३०।०७७।३।२९	औषधी	कादुरा फर्मा	४८७१२१
पा पुजिगत	२०५।०७७।३।९	औषधी	त्रिशुली सामुदायिक कन्सर्न	३९४२५
शशर्त चालु	८।०७६।७।७	औषधी	मन्जुश्री मेडिसिन सप्लायर्स	९३३९६०

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३५.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
३५.२.	आपूर्ति हुने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
३५.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
३५.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँधने नगरेको,	
३५.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३६.	**सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन मोटरसाइकल खरिदमा रु.६७८९०० गरेको छ ।	
३७.	**सफ्वेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले योजना व्यवस्थापन प्रणाली र जिन्सी व्यवस्थापन प्रणालीको सफ्टवेयर खरिद गरी वेव डेभलपमेन्ट सेन्टरलाई रु ४९०००१।९० भुक्तानी गरेको छ ।आ.ब.०७७।७८ देखि उक्त सफ्टवेयर प्रयोगमा ल्यायतापनि उक्त खरीदको सुचना प्रबिधि विभागवाट स्वकृति भएको पाइएन ।	
३८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ५ वडाहरुमा कच्ची नाली र गोरेटो वाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०३ जनालाई रोजगारी उपलव्ध गराई रु९८८२३० खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	
	सामाजिक सुरक्षातर्फ	
३९.	**सामाजिक सुरक्षातर्फ-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी सामाजिक सुरक्षा भत्तामा रु ५४४५३००० खर्च लेखेको पाइयो । यस सम्वन्धी ब्यहोराहरु निम्नानुसार छन ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.१.	**तथ्याङ्क भिडान नभएकोः** पालिकाको सामाजिक सुरक्षा भत्ता वितरणमा **MIS data** को संख्या वितरणको लागि पेश्की लिएको संख्या र पेश्की फछ्यौट गरेको विवरण भिडान हुन सकेन । लेखापरिक्षण योजना बमोजिम वडा न १ र ५ को तथ्याङ्क भिडान निम्नानुसार देखियो ।	

वडा न		प्रथम चैमासीक	दोश्रो चौमासिक	तेश्रो चौमासीक
१	**MIS संख्या**	४३९	४३९	४३९
	पेश्की संख्या	४०८	४३६	४३६
	फछ्यौट सख्या	४२२	४३६	४३६
५	**MIS संख्या**	४३२	४३२	४३२
	पेश्की संख्या	४०३	३९३	४१०
	फछ्यौट सख्या	४०४	३९३	४१३

वडा न १ को प्रथम चौमासिक र वडा न ५ को प्रथम र तेस्रो चौमासिक वितरणको लागि पेश्की लिएको सख्याभन्दा क्रमश १४ जना १ जना र ३ जनाको बढी फछ्यौट भएको देखिन्छ । तथ्याङ्क अधावधिक नभएका कारण भिडान गर्न सकिएन । अन्य वडाहरुमा समेत यस्तै अवस्था हुनसक्ने हुँदा पालिकावाट एकिन हुनुपर्दछ ।

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.२.	नागरीकता न र जन्मदर्ता न उल्लेख नगरेको भुक्तानी रकमका केही उदाहरणहरु	

क्रम संख्या	विवरण	नामथर	भुक्तानी रकम
वडा न १			
१	जेष्ठ नागरीक	भक्तरानी लामा	१२०००
२	जेष्ठ नागरीक	मोचोङ्ग तामाङ्ग	१२०००
३	जेष्ठ नागरीक	रेब्बा घले	१२०००
४	जेष्ठ नागरीक	लुम्जीङ्ग तामाङ्ग	१२०००
५	एकल महिला	सोम ग्याल्मो घले	१२०००
६	विधवा भत्ता	कसी तामाङ्ग	१२०००
७	विधवा भत्ता	अस्मीता तामाङ्ग	८०००
८	विधवा भत्ता	कामिस्या तामाङ्ग	८०००
९	विधवा भत्ता	तर ग्याल्मो तामाङ्ग	८०००
१०	विधवा भत्ता	फिष्टी तामाङ्ग	८०००
११	पुर्ण अपाङ्गता	बुद्धी तामाङ्ग	८०००
१२	पुर्ण अपाङ्गता	अमृता तामाङ्ग	१२०००
१३	पुर्ण अपाङ्गता	अमोन घले	१२०००
१४	पुर्ण अपाङ्गता	कृष्णा तामाङ्ग	१२०००
१५	पुर्ण अपाङ्गता	मान्सु तामाङ्ग	१२०००
१६	अति अशक्त	मोन लामा	१२०००
१७	पुर्ण अपाङ्गता	अङ छिरीङ्ग लामा	६४००
१८	अति अशक्त	लाक्पारानी घले	१२०००
१९	अति अशक्त	लिविक घले	६४००
२०	अति अशक्त	हिरामाया घले	६४००
२१		बालबलीका १	२७२००
२२	जेष्ठ नागरीक	मंसारानी घले	१२०००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

		तिन चौमासिक	**७२७२००**
वडा ५			
१	विधवा भत्ता	पूर्नी तामाङनी	८०००
२	पुर्ण अपाङ्गता	खुल ब मिजार	१२०००
३	पुर्ण अपाङ्गता	गौरव भट्ट	१२०००
४	पुर्ण अपाङ्गता	प्रमोद तामाङ्ग	१२०००
५	पुर्ण अपाङ्गता	सन्जिना गुरुङ्ग	१२०००
६	पुर्ण अपाङ्गता	सुकुमाया गुरुङ्ग	१२०००
७	अति अशक्त	अजित वागदास	६४००
८	अति अशक्त	अभिनव भट्ट	६४००
९	अति अशक्त	गंगा भट्ट	६४००
१०	अति अशक्त	चंन्दुलाल भट्ट	६४००
११	अति अशक्त	जिवन तामाङ्ग	६४००
१२	वालवालीका ३६		५३२००
		तिन चौमासीक	**४२८४००**

३९.३. जन्ममिति र नागरीकता नं. सच्च्याई वडा नं. १ का वडाअध्यक्ष मार्फत भुक्तानीका उदाहरणः

सि. न.	नाम	ना. प्र. न.	भुक्तानी रकम
१	सुकु घलेन	३३२६८	२४०००
२	सुकु घलेनी	३३२६८ लाई केरमेट गरी ५७४३ बनाएको	२४०००

३९.४. ४।०७७।३।२४ पालिकाले तेश्रो चौमासिक निकासा रु १८४९४४९९ जनाई मिति २०७७।३।२४ मा फछ्यौट गरेको देखिन्छ । सो निकासा गरेको रकममध्ये बाकी रु ३०४२०१ लेखापरिक्षण अवधि २०७७।९।२१ मा दाखिला भएको छ । अत पालिकाले निकासा दिदा पेश्की जनाइ विल भर्पाइ प्राप्त भएपछिमात्र फछ्यौट गर्नुपर्दछ ।

३९.५. **नाम नबिकरणः** गाँउपालिकाले लाभग्राहीको नाम नबिकरण नगरि बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावलीलाई नै नबिकरण मानी भत्ता बितरण गरको देखिन्छ । अतः लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ ।

३९.६. **बैंक मार्फत भत्ता वितरण ः**— सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरूको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गर्नुपर्दछ ।

ठेक्का ब्यवस्थापनः

४०. **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५(२) को उपनियम १(ग) बमोजीमको अवस्थामा वा वोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी न्युन कवोल अंक उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभावीक न्युन कावोल अंक उल्लेख गरेको कुरा विचार गरी वोलपत्र मुल्याङकन समितिले निर्माण कार्यको वोलपत्रको विशेष मुल्याङ्कन गर्नुपर्ने अवस्था छ । पालिकाले निम्नानुसार निर्माण कार्यको लागी निर्माण व्यवसायीले पेश गरेको वोलपत्रको विशेष मुल्याङ्कन नगरी लागत अनुमानको तुलनामा ६०.३० प्रतिशत घटी सम्मको वोलपत्र स्वीकृत गरी निर्माण कार्य गराएको कारण सम्पन्न भएका निर्माण कार्यहरु

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	तोकीएको गुणस्तरमा भएका छन भनि विस्वस्त हुन सकिएन । जस्का केहि उदाहरण निम्नानुसार छन ।	

निर्माण कार्य	व्यवसायी	लागत अनुमान	कवोल अक	घटी प्रतिशत	भुक्तानी रकम
लेवनाङ अम्वोट डि गाँउ कर्कले वडा २ कार्यालय जोड्ने सडक	एस. एन. कनट्रक्सन सेवा विदुर ३ नुवाकोट	१९३९७९०८.०८	१०१४७१८९.२६	४७.६८	१०८४९६९.९३
सप्ताङखोला किवुत गुन्सा साल्मे वडा कार्यालय जोड्ने सडक स्तरोन्नती	पौडेल निर्माण सेवा विदुर ९ नुवाकोट	१९३८७०५०.३८	९४८२४३०.०५	५२.२५	९१३६३६८.६८
चापखोला बैराम्राङ्ग सडक स्तरोन्नती	गोविन्द रमा निर्माण सेवा किस्पाङ्ग. ५	४८०२०४६.२७	२५६५२८३.४०	४६.५७	२३९३७८३
किर्नेवगर बाझोगरा भाल्चे साल्मे सडक स्तरोन्नती	बेत्रगगा इन्जिनियरिङ्ग कन्ट्रक्सन प्रा. लि टोखा	३८४६५६८.१५	२२३४२९८.१६	४१.९१	२२३४२९८.१६
भाल्चे ठुलोगाउ वडा कार्यालय जोड्ने सडक स्तरोन्नती	गोविन्द रमा निर्माण सेवा किस्पाङ्ग. ५	२८८५४३३.२१	१४८७०६३.३१	४८.४६	१४८६१४९.७४
नुचेत नाम्जाकुना सडक निर्माण	जया ज्याती निर्माण सेवा विदुर. ८	४८०१४२७.३३	१९०५८४८.४४	६०.३०	१८८०२९१

४१.	**सिमित प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २५(५) मा वोलपत्रको मुल्याङ्कन वोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने छ र त्यसरी मुल्याङ्कन गर्दा प्रत्येक वोलपत्रको मुल्याङ्कीत रकम अर्को वोलपत्रको मुल्याङ्कीत रकमसँग तुलना गरि न्युनतम वोलपत्र अंक कबोल गर्ने वोलपत्र निर्धारण गर्नुपर्ने र दफा ७ मा वोलपत्र सम्वन्धी कागजातमा उल्लीखित योग्यता मुल्याङ्कनका आधार अनुरुप भएको पाइएमा त्यस्तो वोलपत्र न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही मानि संझौता गरी कार्य गराउनु पर्ने उल्लेख छ । कार्यालयले निम्न निर्माण कार्यको लागि वोलपत्र आब्हान गरेको वोलपत्र विक्री एवं दाखिलाको अवस्था निम्नानुसार रहेको छ ।	

निर्माण कार्य	लागत अनुमान	वोलपत्र विक्री	दाखिला	घटीवाला नि. व्यवसायी	सझौता रकम	घटी प्रतिशत
साल्मे नयाँवस्ती खोप केन्द्र निर्माण	३८८९४६५.५१	१	२ ई.विडीङ्ग समेत	वि.एम. कन्ट्रक्सन प्रा.लि. विदुर १	३५०४६००.७५	९.९०
भाल्चे बेशि खोप केन्द्र निर्माण	३७८९३९६.७२	१	१	वि.एम. कन्ट्रक्सन प्रा.लि. विदुर १	३७४९६००.५३	१.०५

४१.१.	उल्लेखीत विवरणलाई आधार मान्दा निर्माण कार्यको लागि वोलपत्र विक्रि एवं दाखिला न्युन रहेको, निर्माण कार्यमा निर्माण व्यवसायिलाई प्रतिस्पर्धामा समावेश गर्न नसकिएको एवं लागत अनुमानको तुलनामा थोरै घटेर मात्र ठेक्का संझौता भई निर्माण कार्य गराएको स्पस्ट देखिन्छ । जसको कारण निर्माण कार्यमा प्रतिस्पर्धा सिमित हुन गई मितब्ययी खरिद प्रक्रिया अवलम्वन	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको पाइदैन । अतः निर्माण कार्य गराउँदा ऐनको प्रावधानधाई मध्यनजर गरी बढी भन्दा बढी निर्माण व्यवसायीलाई प्रतिस्पर्धा गर्न लगाई मितब्ययि खरिद प्रक्रिया अपनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>अधुरा निर्माण कार्यः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६(२) मा काबु बाहीरको परिस्थीति, सार्वजनिक निकायले अवलम्वन गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा र अन्य मानसिव कारणवाट खरिद संझौताको अवधि नवढाई नहुने भएमा संझौता प्राप्त गर्ने व्यक्तिको निवेदन वमोजीम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने उल्लेख छ ।नेपाल सरकारवाट घोषणा भएको लकडाउन अवधि भरमा खरिद संझौता भएका तथा उक्त अवधिभित्र संझौताको मयाद समाप्त भएका तर संझौता वमोजमि कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्वन्धीत आपुर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाताको निवेदनको आधारमा वोलपत्र स्वीकृत गर्ने अधिकारीले नेपाल सरकारलाई थप लागत नपर्ने एवं म्याद थप गरेवापत अन्य कुनै दावी गर्न नपाउने गरी संझौता गराई आर्थिक दायित्व नपर्ने गरी साविको खरिद संझौतामा सम्वन्धीत पदाधिकारीले छ महिना म्याद थप गर्न सक्ने भन्ने २०७७।३।२९ को मन्त्रीपरिषदको निर्णय वमोजीम गाँउपालिकाले निर्माण कार्यको निम्नानुसार म्याद थप गरेको छ । लेखा परीक्षण अवधि २०७७।९।२५ सम्म पनि निर्माणकार्यहरु सम्पनन हुन सकेको छैनन । अतः निर्माण व्यवसायीलाई ताकेता गरी निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गराउने तर्फ कार्यालयले पहल गर्नु जरुरी छ ।</td><td></td></tr>
<tr><td></td><td colspan="2">
<table>
<tr><th>निर्माण कार्य</th><th>योजना शुरुको म्याद</th><th>थप पछि योजनाके म्याद</th><th>लागत अनुमान</th><th>सझौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>कामिडाँडा भाल्चेवेशी सडक नि.</td><td>०७७।३।२१</td><td>०७७।९।२०</td><td>२२७२३३३९.७४</td><td>१२२५६८४७.३७</td><td>३५०८२९९.०५</td></tr>
<tr><td>२ न वडा. कार्यालय भवन नि.</td><td>०७७।३।२१</td><td>०७७।९।२०</td><td>७४४७७९९.३८</td><td>४६३८०७३.६३</td><td>१८३१२९८.७४</td></tr>
<tr><td>जल्जु खोला वाल विकास केन्द्र भवन नि.</td><td>०७७।३।२१</td><td>०७७।९।२०</td><td>४७८३०९७.४८</td><td>२६२२३४७.९४</td><td>१८८४६३३.७७</td></tr>
<tr><td>साल्मे नयाँवस्ती खोप केन्द्र नि.</td><td>०७७।३।१६</td><td>०७७।९।१५</td><td>३८८९४६५.५१</td><td>३५०४६००.७५</td><td>२७४६३७६.५८</td></tr>
<tr><td>भाल्चे बेशी खोप केन्द्र नि.</td><td>०७७।३।१६</td><td>०७७।९।१५</td><td>३७८९३९६.७२</td><td>३७४९६००.५३</td><td>२९१६७०८.५६</td></tr>
</table>
</td></tr>
<tr><td>४३.</td><td>कार्य सम्पादन जमानतः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद संझौता गर्नेले संझौता बमोजमि काम शुरु नगरेकमा, काम शुरु गरी विचैमा छाडेमा वा सम्झौता बमोजीम कामको प्रगति नगरेका सार्वजनिक निकायले त्यस्तो संझौता जुन सुकै बखत अन्त्य गर्न सक्ने एवं दफा (८) मा यसरी संझौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुनेछ भन्ने व्यवस्था छ । लागत अनुमान १९२२०४००।१३ रहेको किस्पाङ्ग नो घडेरी पर्यटन पूर्वाधार निर्माण कार्यको सवैभन्दा घटीवाला शिवदुर्ता चेतना जे.भी. महालक्ष्मी स्थान ललीतपुरको रु.१०४८०३२८।८७ को कबोल अंक स्वीकृत गरी शुरु कार्यसम्पादन जमानत रु.३०५६००० राखी मिति २०७६।२।९ मा संझौता भएको छ । योजनाको शुरुको म्याद ०७६।१०।३० सम्म रहेकोमा म्याद थप गरी ०७७।७।१५ सम्म कायम गरिए अनुरुप कार्यसम्पादन जमानतको म्याद पनि ०७८।८।१५ सम्म बृद्धि गरिएको साथै नपुग कार्यसम्पादन रु.४००००० समेत राख्न लगाई कुल कार्य सम्पादन जमानत रु.३४५६००० कायम गरिएको छ । इष्टिमेटको अवस्थामा जति जग्गा नापी भएको थियो पछि सरकारी अमिनद्धारा उक्त एरियाको जग्गा नाप नक्सा गर्दा boundry वढ्न गएको कारण</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गाँउपालिकाले सार्वजनिक खरिद नियमावली २०७६ वनाई नियम १२७ वमोजीम १५ प्रतिशतसम्मको भेरियसन अध्यक्ष।प्रमुखले गर्न सक्ने प्रावधान वमोजीम संझौताअंकमा १४.७२ प्रतिशत बढी भेरियसन मिति ०७६।६।२ मा गरी उक्त निर्माण कार्यको संझौता अंक १२०२२९५०।२२ कायम भएको छ । १०।०७६।७।२१ को चौथो रनिङ्ग वीलसम्म निर्माण व्यवसायीलाई रु.७३०२२०३।२२ भुक्तानी भएको छ । योजनाको म्याद ०७७।७।१५ सम्म कायम भएको भए पनि लेखापरिक्षण अवधि २०७७।९।२२ सम्म पनि उक्त निर्माण कार्य सम्पन्न हुन नसकेको र सो सम्वन्धमा जानकारी माग्दा निर्माण व्यवसायी काम नै नगरी **side** छाडेर गएको भन्ने सम्वन्धीत प्राविधिक एवं कार्यालयवाट जानकारी प्राप्त भएको छ । सो सम्वन्धमा कार्यालयले कुनै कारवाही अगाडी बढाएको पाइएन । कार्यालयले निर्माण व्यवसायीलाई ताकेता गरी काममा फर्काइ उक्त निर्माण कार्य सम्पन्न गरिनुपर्ने अन्यथा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार निर्माण व्यवसायीसँग भएको सम्झौता अन्त्य गरि निजले राखेको जमानत रकम जफत गर्नुपर्ने रु....	३४५६०००
४४.	**मु.अ.कर भुक्तानीः** मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ मा दर्ता भएका व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची ५ र ५ क वमोजमि ढाचामा कर वीजक दिनु पर्नेछ । त्यसरी कर विजक जारी गर्दा कुनै वस्तुको किसिम, साइज, मोडल, र ब्रान्ड भएमा सो खुलाउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायि गोवीन्द रमा निर्माण सेवा किस्पाङ ५ र गाँउपालिका वीच संझौता भई सम्पन्न भएका निम्नानसारको ठेक्कामा निर्माण व्यवसायीलाई भएको निम्नानुसारको भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको कर वीजकमा विजक नम्वर उल्लेख भएको पाइएन । नम्वर नभएको कर वीजक अनुसार भएको मु.अ.कर भुक्तानी रकमको आन्तरीक राजस्व कार्यालयमा कर समायोजन गरको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...	२२३१८१

कामको विवरण	लागत अनुमान	सझौता रकम	कार्य सम्पन्न	६.५ प्रतिशतले मु.अ.कर भुक्तानी
चापखोला कोल्चेत बैराम्राङ सडक निर्माण	४८०२०४६.२७	२५६२२८३.४०	२३९३७८३	१३७६९५
भाल्चे बेशी भाल्चे ठुलो गाँउ वडा कार्यालय सडक स्तरोन्नती	२८८५४३३.२१	१४८७०६३.३१	१४८६१४९.७४	८५४८६
जम्मा				**२२३१८१**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**ढुवानी करः** आयकर ऐन २०५८ को दफा ८८(५) मा वासिन्दा व्यक्तिले नेपालको स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले भाडा कर कट्टी गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत भएका निम्नानुसार निर्माण कार्यको लागि आवश्यक पर्ने सामाग्री ढुवानी गरेवापत भएको भुक्तानीमा ढुवानीकर कट्टी गरिएको छैन । ऐनको व्यवस्था वमोजीम ढुवानी कर कट्टी गरी दाखीला गर्नुपर्ने रु..	४६५००

भौ.न. मिति	योजनाको नाम	कामको विवरण	कुल भुक्तानी	ढुवानी रकम भुक्तानी	कर रकम
४७।०७७।१।१८	वोल्दो पोखरी देखि माने जाने मोटरवाटो नि.उ.स	मोटर वाटो निर्माण	५०००००	९०००० नुर्वु तामाङ किस्पाङ ४	९०००
६७।०७७।३।५	अर्चले गोरेटो बाटो नि.उ.स.	गोरेटो बाटो निर्माण	१००००००	११४००० सुवास तामाङ	११४००
८८।०७७।३।२१	गा.पा. देखि डावाचेत सडकको घट्टेखोला	ह्युमपाइप तथा कज्वे निर्माण	७५००००	११८००० दावा लामा	११८००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	ह्युम पाइप तथा कज्वे नि.उ.स.				
११४।०७७।३।२१	चामपानी सामुदायिक भवन मर्मत उ.स.	भवन मर्मत	१००००००	११३००० गोम्जन व्रदर्श ढुवानी सेवा	११३००
११४।०७७।३।२१	चामपानी सामुदायिक भवन मर्मत उ.स.	भवन मर्मत	१००००००	३०००० दिजा सप्लायर्स किस्पाङ ५	३०००
	जम्मा				४६५००

४६.	**सोझै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा पाँच लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सिधै खरिद गर्न सकिने एवं ८५(१ख) मा एक आथिक वर्षमा एकैपटक वा पटक पटक गरी उल्लेखीत सिमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरीद गर्न नसकिने उल्लेख छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानीत वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले खरिद कार्यको लागि बाषिक खरिद योजना तयार नगरी एउटै फर्म वा फरक फरक फर्महरुवाट पटक पटक फर्निचर तथा मेशिनरी समान सिधै खरिद गरेको छ । वोलपत्र वा सिलवन्दी दरभाउपत्र छल्ने उद्धेश्यले पटक पटक सिधै खरिद गरिएको कारण खरिद कारबाही मितव्ययी भएको छ भनि विश्वस्त हुन सकिएन । ऐन तथा नियमावलीको प्रावधान विपरीत पटक पटक सिधै खरिद गरी भुक्तानी भएको रकम नियम सम्मत नभएको रु...	३३२५३१७

भौ.न. मिति	**विवरण**	**समानको विवरण**	**सप्लायर्सको नाम**	**भुक्तानी रकम**
१२।०७६।८।१९	मेशिनरी औजार	कम्प्युटर प्रिन्टर लगायत	युनिभर्सल इन्टिच्युट अफ कम्प्युटर साइन्स विदुर ४	२३८२०४
१६।०७६।८।१९	मेशिनरी औजार	विभिन्न	रिलायन्स हार्डवेयर सप्लायर्स विदुर ३	२८०९३४
२२।०७६।९।१४	मेशिनरी औजार	कम्प्युटर	अदर्श सप्लायर्स बट्टार	३९०४१५
६९।०७७।३।५	मेशिनरी औजार	ल्यापटप लगायत	युनिभर्सल इन्टिच्युट अफ कम्प्युटर साइन्स विदुर ४	२४०१२५
६९।०७७।३।५	मेशिनरी औजार	डेस्कटप कम्प्युटर	युनिक कम्प्युटर हाउस विदुर ४	१६४९८०
११५।०७७।३।२१	मेशिनरी औजार	ल्यापटप	युनिक कम्प्युटर हाउस विदुर ४	१३६८४३
१५।०७६।८।१९	फर्निचर	बेन्च, टेवल, कार्पेट लगायत	विभिन्न	२७६६६९
१७।०७६।८।१९	फर्निचर	विभिन्न	त्रिशुली फर्निचर एण्ड फर्निसिङ सेन्टर वि.न.पा.१०	२०९५५८
२२।०७६।९।१४	फर्निचर	दराज, मेच लगायत	त्रिशुली फर्निचर एण्ड फर्निसिङ सेन्टर वि.न.पा.१०	३८३४०९
२४।०७६।९।१५	फर्निचर	विभिन्न	विभिन्न	१२२७०३
३७।०७६।१०।१	फर्निचर	कार्पेट, टेवल	त्रिशुली फर्निचर एण्ड फर्निसिङ सेन्टर वि.न.पा.१०	१५१८१५
२५।०७६।९।१५	फर्निचर	टेवुल, कुर्ची लगायत	वोगटी जनरल सप्लायर्स वि.न.पा. १०	४४७७६२

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

७४।०७७।२।८	फर्निचर	चेयर, टेवल, दराज लगतयत	तृषा प्लोरीङ एण्ड फर्निसिङ इन्टरप्राइजेज विदुर १	१९९७४९
९१।०७७।३।१२	फर्निचर	कार्पेट, डोरम्याट लगायत	त्रिशुली फर्निचर एण्ड फर्निसिङ सेन्टर वि.न.पा.१०	८२१५१
जम्मा				३३२५३१७

४७. **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा पाँच लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सिधै खरिद गर्न सकिने एवं नियम ८५(४) मा सार्वजनिक निकायले एकलाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तिनवटा आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्न सक्ने उल्लेख छ । कार्यालयले एकलाख भन्दा बढी पाँचलाख मुनिका सडक तथा अन्य निर्माण कार्य गराउँदा मौजुदा सुचिमा रहेका कम्तीमा तीनवटा निर्माण व्यवसायीवाट लिखित रुपमा दरभाउपत्र माग गरि सवैभन्दा घटीवाला दरभाउपत्र वालासँग निर्माण कार्य गराउनुपर्नेमा निर्माण कार्यमा एउटै मात्र निर्माण व्यवसायिलाई सिधै काम गर्न गाँउसभाको मिति २०७७।३।१० को निर्णयले स्विकृत दिई भुक्तानी गरेको कारण सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पालना नभएको एवं खरिद कारवाही मितब्ययी भएको छैन । खरिद कार्यमा प्रतिस्पर्धा गराई मितब्ययी खरिद प्रक्रिया अपनाउने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

भौ.न. मिति	कामको विवरण	निर्माण व्यवसायी	लागत अनुमान	कार्य सम्पन्न	भुक्तानी
६।०७६।६।१५	सलाखु किर्नेचौर सडक मर्मत कार्य	प्रेरणा कन्ट्रक्सन तुप्चे २	४९७५४१	४९६८६५	४९६८६५
७।०७६।६।१५	गा.पा. भवन मर्मत	पश्चिम १ न निर्माण सेवा तुप्चे	४९३२४१	४९१५४७	४९१५४७
३५।०७६।९।२९	कामिडाँडा डिगाँउ काहुले चम्पा कुतिरी ग्रामिण सडक मर्मत	वि.एम. कन्ट्रक्सन विदुर १	४९८२५८	४९७३५२	४९७३५२
४१।०७६।११।२३	साल्मे पेटाराङ सडक मर्मत	सार्वजनिक निर्माण सेवा विदुर १	४९८०६५	४९७६१४	४९७६१४
५१।०७६।२।३०	पालिका क्षेत्र भित्रका विभिन्न सडक स्तोन्नती	जया ज्योती नि.से. विदुर ८	४९८०६६	४९७६२६	४९७६२६
१५०।०७७।३।३१	सम्राङ्ग खोला विसङ खोला किपुत हुदै ४ न. वडा कार्यालय जाने वाटो	बेत्रगगा इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. टोखा ११	४७२२७३	४७२२७३	४७२२७३
११।०७७।३।३१	पालिका क्षेत्र भित्रका विभिन्न सडक स्तोन्नती	गोविन्द रमा निर्माण सेवा नुवाकोट ९	४९०९४१	४८९७५४	४३२५४४
१५२।०७७।३।३१	कामीडाँडा भाल्चे बेशी सडक सुधार	युनाइटेड विल्डर्स विदुर ४	४९६८९२	४९६८९२	४९६४५३

४८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागितावाट ब्यहोरीएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्ने र सोही अनुसार भुक्तानी हुनुपर्ने व्यवस्था छ । लागत अनुमान ३३८९७९२ रहेको हाङकाङसुङ खोला मुहान गरी फिकुरी मनकामना खा.पा. योजना वडा नं. १, २ र ५ को निर्माण कार्यको लागि उ.स. र गा.पा. विच संझौता भएकोमा उ.स. ले

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रु.२४०९३५७ को कार्य सम्पन्न प्रतिवेदन पेश गरि रु.२०४९३२२ भुक्तानी लिएकोमा देखिएको व्यहोरा यस प्रकार छन ः	
४८.१.	**योजना फरफारकः** लागत अनुमान रु. ३३८९७९२ रहेको उक्त निर्माण कार्यको रु.२४०९३५७ वरावरको काम अर्थात लागत अनुमानको तुलतामा २८.९२ प्रतिशत घटी काम भएकोमा पनि कार्य सम्पन्न प्रतिवेदन वनाई उ.स. लाई रु.२०४९३२२ भुक्तानी भएको छ । लागत अनुमान भन्दा घटी काम भएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र सोही अनुरुप भुक्तानी दिने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को प्रतिकुल देखिन्छ । लागत अनुमानमा उल्लेख भए अनुरुपका परिमाण अनुरुप निर्माण कार्य गर्न लगाई योजना फरफारक गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।	
४८.२.	**घटी कार्यः** लागत अनुमानको तुलनामा घटी काम भएको अवस्थामा उ.स.को जनसहभागिताको अंश पनि सोही अनुपातमा कट्टी गरी भुक्तानी दिनुपर्ने सार्वजनिक खरिद नियमावली२०६४ को नियम ९७(४) को प्रावधान वमोजीम उक्त निर्माण कार्यको लागत अनुमान रु. ३३८९७९२ रहेको र उ.स. को योगदान रु.५०९७९२ (१५.०३) रहेकोमा रु.२४०९३५७ को कार्यसम्पन्न हुँदा उ.स. लाई उसको योगदान कटाई रु.२०४७२३० भुक्तानी हुनुपर्नेमा रु.२०४९३२२ भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.२०९२ उ.स. सँग असुल हुनुपर्ने रु..	२०९२
४९.	**पुजीगत बाट चालु खर्चः** महालेखा नियन्त्रक कार्यालयवाट जारी एकिकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या २०७४ अनुसार पुजिगत खर्चको बर्गिकरण भित्र कुनै संरचना निर्माण, मेशीन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पुजिगत संरचनाको आयु थप हुने गरी गरिने पूजिगत सुधारको खर्चहरु समावेश हुने उल्लेख छ । फिकुरी बुहमुखी क्याम्पस फिकुरी ४ सातदोवाटो नुवाकोटलाई क्याम्पस प्रमुख प्रध्यापक एवं क्याम्पस कर्मचारीको तलबको लागि अनुदान स्वरुप रु.१५००००० उपलब्ध गराएको छ । पूजीगत शिर्षकवाट चालु प्रकृतिको कामको लागि अनुदान उपलब्ध गराइएको रकम नियमसम्मत नभएको रु..	१५०००००
	प्रदेश पुर्वाधार विकास कार्यक्रमः	
५०.	**कर दखिलाः** आयकर ऐन २०५८ को दफा ८८(५) मा बासीन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेको दश प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । लागत अनुमान रु.११४३७८२ रहेको साल्मे नँया वस्ती खेल मैदान निर्माण किस्पाङ्ग ४ को निर्माण कार्यकोलागि उ.स र गाँउपालीका वीच संझौता भई रु.११५७४९० को कार्य सम्पन्न प्रतिवेदन पेश गरी रु.९६०००० खर्च लेखिएकोमा निर्माण सामाग्री ढुवानी गरेवापत नेमाल घले(चालक) लाई उ.स.का अध्यक्ष फुर्कु तामाङले रु.१५६००० मा ढुवानी कर १० प्रतिशत कट्टा गरि रु.१४०४०० भुक्तानी लिएको भरपाई पेश भएको तर अध्यक्षले भुक्तानी दिदा कट्टी गरेको राजस्व दाखिला गरेको प्रमाण पेश भएको छैन । उक्त कर रकम ऐनको प्रावधान वमोजीम सम्वन्धीत राजस्व शिर्षकमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु...	१५६००
५१.	५।०७७।३।३० ः लागत अनमान रु.३४४१७२४ रहेको नुचेत नौमुने हुँदै गोग भञ्याङ सडक निर्माण उ.स. र गाँउपालिक वीच मिति २०७७।२।३१ मा संझौता भई रु.३३८३४६४ को कार्य सम्पन्न प्रतिवेदन एवं रु.३४४३६०० वरावरको निर्माण व्यवसायिको खर्चको वील भरपाई पेश गरेको आधारमा उ.स. लाई रु.२८४७०५८ भुक्तानी भएको छ । यसमा देखिएका व्यहोरा यस प्रकार छन ः	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५१.१.	**कर विजकः** मुल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरे देखि बाहेक प्रापकलाई अनुसुचि ५ र ५क वमोजीम ढाँचामा कर विजक दिनुपर्नेमा उ.स. मार्फतभएको उक्त निर्माण कार्यमा निर्माण व्यवसायीलाई काममा संलग्न गराई डोजर प्रयोग भएको रु.२२८२६००(भ्याट समेत) को फोटोकपी कर वीजक पेश गरेको आधारमा भुक्तानी भएको छ । उक्त वीजक बमोजीम निर्माण व्यवसायीलाई भुक्तानी भएको मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु...	२६२६००
५१.२.	**अनुपात नभिडेकोः** निर्माण व्यवसायीले ५०५ घण्टा डोजर प्रयोग गरेको मु.अ.कर समेत रु.२२८२६०० र सो मा प्रयोग भएको तेल १३५०० लि.को ११६१००० गरी रु.३४४३६०० को वील पेश भई उ.स. लाई रु.२८४७०५८ भुक्तानी भएको छ । सामान्यतया डोजर प्रयोग को नम्स अनुसार १ घण्टा डोजर चलाउदा १८ देखि २० लि. तेल खपत हुने गर्दछ । ५०५ घण्टा डोजर प्रयोग हुँदा २० लि. तेल प्रति घण्टा प्रयोग हुने आधार लिदा पनि जम्मा १०१०० लि. तेल खपत हुनेमा १३५०० लि. तेल प्रयोग भएको विल पेश भएको कारण मेशिन प्रयोग र तेलको अनुपात मिलेको देखिदैन । जसका कारण पेश भएको खर्चको वील भरपाई एवं भएको कामको वीचको वास्तवीकता एकिन गर्न सकिएन ।	
	सघिय सशर्तः	
५२.	**IEMIS अभिलेखः** स्थानीय तहले आफ्नो मातहतका विद्यालयहरुलाई IEMIS अनिवार्य रुपले भर्न लगाई प्राप्त सशर्त अनुदान विद्यालयलाई निकासा दिदा अद्यावधिक गरिएको शैक्षिक तथ्याङ्क ०७६ का आधारमा अनुदान दिने तथा तथ्याङ्क नभर्ने र अद्यावधिक नगर्ने विद्यालयलाई IEMIS अद्यावधिक गराएरमात्र अनुदान उपलब्ध गराउने भन्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका ०७६।७७ मा उल्लेख छ । यस गाँउपालिकामा २ वटा वालविकास केन्द्र र २१ वटा आधारभुत तथा माध्यामिक विद्यालय संचालनमा रहेको श्री मनकामना आधारभुत विद्यालयले IEMIS रिपोर्ट अधावधिक नगरी रु.१४४८९५ वाल विकास शिक्षक, सहयोगी, कर्मचारी, तलब एवं शिक्षण सिकाई समाग्री समेत अनुदान उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था गरे अनुरुप उक्त विद्यालयलाई IEMIS अद्यावधिक गर्न लगाई सोही अनुसार अनुदान उपलब्ध गराउने व्यवस्था गर्न गाँउपालिकाले ध्यान दिनु जरुरी देखिन्छ ।	
५३.	**कर कट्टी नभएकोः** आयकर ऐन २०५८ को दफा ८८(५) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । निम्न विद्यालयहरुलाई शौचालय निर्माणको लागि अनुदान उपलब्ध गराइएकोमा शौचालय निर्माण व्यवस्थापन समिति मार्फत निर्माण समाग्री ढुवानी गरे वापत ढुवानीकर्तालाई भडा भुक्तानी गरेकोमा कर कट्टी गरिएको पाइएन । भाडा भुक्तानी गर्दा आयकर ऐन अनुसार कट्टी गर्नुपर्ने कर कट्टी गरि दाखिला गर्नुपर्ने रु...	१८९५०

भौ.न. मिति	कामको विवरण	लागत अनुमान	कार्य सम्पन्न	अनुदान भुक्तानी	ढुवानी वापत रकम	कर रकम
९९।०७७।३।२७	जल्जु खोला मा.वि. शौचालय निर्माण	८२३०७९	८४११५६	७०००००	१३००००	१३०००
१०४।०७७।३।२९	कालिका अ.वि शौचालय निर्माण	८२७४३६	८४१६२०	७०००००	५९५००	५९५०

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा	१८९५०
५४.	**निकासा फिर्ता नभएकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को ६.७ मा स्थानीयतहले नियमीत रुपमा चलेको सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाणीत भएपछि सामुदायिक परिचालकको पारिश्रमीक रकम अनुदान दिनुपर्ने उल्लेख छ । भौ.न. ९८।०७७।३।३६ वाट ५ वटा सामुदायिक सिकाई केन्द्रको लागि प्रति केन्द्र २ लाखका दरले रु.१०००००० खर्च लेखिएकोमा सामुदायिक परिचालकको प्रमाणीत हाजिरी पेश भएको छैन । गाँउपालीकाको ०७७।३।२५ को नेपाल बैंक लिमिटेड विदुरलाई लेखिएको पत्रअनुसार ५ वटा केन्द्रको प्रति केन्द्र रु.११५००० ले हुने रु.५७५००० गा.पा. को पत्र विना फुकुवा नगर्नु भन्ने अनुरोध अनुसार उक्त रकम बैकमा नै रहेको अवस्था छ । सशर्त वजेट खर्च नभई बाकी रहेको संचितकोष दाखिला गर्नुपर्नेमा गरेको छैन । उक्त रकम संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु..	५७५०००

नाम	ठेगाना	रकम
भुमिदेवी सामुदायिक अध्ययन केन्द्र	काहुले	११५०००
मिलन सामुदायिक अध्ययन केन्द्र	भाल्चे	११५०००
वोल्देपोखरी सामुदायिक अध्ययन केन्द्र	साल्मे	११५०००
फिकुरी सामुदायिक अध्ययन केन्द्र	फिकुरी	११५०००
मनकामना सामुदायिक अध्ययन केन्द्र	मनकामना	११५०००
जम्मा		४७५०००

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५५.	शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमीद्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को ८.५ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान प्राप्त रकम स्विकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण कार्यमा खर्च गर्ने र निर्माण कार्य गर्दा खरिद दिग्दर्शन सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली भित्र रहि गर्नुपर्ने उल्लेख छ । ऐसेलु भुमि उच्च मा.वि. किस्पाङ्ग ३ को स्वीकृत गुरुयोजना अनुरुप यस वर्ष रु.१५०००००० वजेट निकासा भएकोमा छात्रावास निर्माण, घेरावार, वगैचा निर्माण, खेल मैदान निर्माण विज्ञान प्रयोगशाला निर्माणको कामको छुट्टा छुट्टै लागत अनुमान तयार गरि सवै कार्यको कुल रु.१५७१७६९०।०५ को लागत अनुमान तयार गरि रु.१३४१२१६२।४७ को प्राविधिक मुल्याङ्कन एव विल भरपाई पेश भई विद्यालयलाई रु. १४९०७७४९ निकासा गरिएको छ । प्राविधिक मुल्याङ्कन साराश अनुसार रु.८२१९८५।६१ को होस्टेल निर्माणको काम र रु.१५०००००० को साइन्स ल्याव निर्माणको काम गरी रु.२३२१९८५।६१ को कार्य सम्पन्न हुन बाकी देखिन्छ । लागत अनुमान अनुसार भएको कामको मुल्याङ्कनको अनुपात हिसाव गर्दा रु.१२८००५६७ विद्यालयलाई निकासा गर्नुपर्ने देखिन्छ । तर गा.पा. ले विद्यालयलाई रु.१४९०७७४९ निकासा दिएको छ । निकासा दिएको रकम मध्ये रु.२२४७३८८।८० वैकमा रोक्का राखिएको छ भने लागत अनुमान अनुसार को कार्य हुन नसकी निर्माण कार्य सम्पन्न भएको छैन । प्राविधिक मुल्याङ्कन अनुसार निकासा हुनुपर्ने रकमभन्दा बढी रकम विद्यालयलाई निकासा दिएको र लागत अनुमान अनुसार निर्माण कार्य पनि सम्पन्न हुन नसकेकोले भएको कार्य भन्दा बढी निकासा भएको रकम संघिय संचितकोष दाखिला गर्नुपर्ने रु..	२१०७१८२
५६.	**ग्रिन हाउस निर्माणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार, उपकरणहरु आवश्यक नपर्ने श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने एवं उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफै सम्पन्न गर्नुपर्ने र	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउन नसकिने उल्लेख छ । लागत अनुमान रु.१०१५८९६ रहेको ग्रिनहाउस निर्माण कार्यको उ.स. ले रु.१५१८९३ व्यहोर्ने गरी मिति २०७६।७।२५ मा संम्झौता भएकोमा रु.१०१६०२४ को कार्य सम्पन्न प्रतिवेदनको आधारमा उ.स. लाई रु.८६३७८०० भुक्तानी भएको छ । उक्त निर्माण कार्यको लागि उ.स. ले किसान एग्रोमार्ट प्रा.लि. नया बानेश्वरलाई जिम्मा दिई उक्त प्रा.लि.ले निर्माण कार्य सम्पन्न गरेको कर विजक पेश गरि भुक्तानी भएको पाइएकोले गाँउपालीकाले निर्माण कार्य गराउँदा बढी जटिल प्राविधिक पक्ष समावेश भएको कार्यउ.स. मार्फत गराउने गरी संझौता गर्नु, उ.स.ले आफुले पाएको काम सव कन्ट्याक्टरवाट गराउनु, यस्तो निर्माण कार्य गा.पा. ले नै शिलवन्दी दरभाउपत्र आह्वान गरी प्रतिस्पधात्मक रुपमा गराउनुपर्नेमा सो नगरिनु आदि कारणले गर्दा नियमावलीको प्रावधानलाई पालना गरी खरिद कारवाही गर्ने तर्फ गा.पा. ले ध्यान दिनु जरुरी छ ।	
	विपद् व्यवस्थापन	
५७.	**समिति-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भई १ वटा बैठक मात्र बसेको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
५७.१.	**कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ३५४६९८१ आम्दानी भई रु. २३९९८५२ खर्च गरी बाँकी रु. ११४७१२९ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
५७.२.	**प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्नेमा सो भए गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
५८.	**कोभिड १९ सम्बन्धमा**	
	कोभिड १९ विषेश लेखापरीक्षणसँग सम्वन्धीत पालीकावाट प्रास विवरणअनुसार २०७७ असार मसान्तसम्म रु.३५४७ हजार र २०७७ असोज मसान्तसम्म रु.३६४७ प्राप्त भएकोमा २०७७ असार मसान्तसम्म रु.२४ लाख र असोज मसान्तसम्म रु.२९०१ हजार खर्च भई रु.११४७ हजार बाकी देखिन्छ । यस सम्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छ ।	
	१. महामारी फैलनसक्ने पूर्व तयारी सम्वन्धी कार्यमा रु २३९९ हजार खर्च गरेको पाइयो । २. पालिकाले ०७६।०७७ सम्म हेल्पडेक्स क्वारेन्टाइनमा कार्य गरेवापत २८ स्वास्थ्यकर्मी र २ सुरक्षाकर्मी र ३ प्रशासनिक समेत ३३ जनालाई रु २६० हजार भुक्तानी खर्च जनाएको छ । ३. पालिकावाट आ.ब ०७६।७७ सम्म विभिन्न ४ अपुर्तिकर्तावाट रु.७२९ हजारको अषधि एवं स्वास्थ्य समाग्री उपकरण खरिद गरेको देखिन्छ ।	

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	४. पालिकामा विभिन्न ७ प्रकारका १७६९ परिमाण विभिन्न७ निकाय तथा संस्थावाट रु. १३३ हजार बराबरको स्वास्थ्य सामाग्री प्राप्त गरेको देखिन्छ । ५. पालिकाले पि.पि.ई. एक थान रु.९ हजार माक्स एन.९५ १० थान रु.७ हजार र इन्फारेड थर्ममिटर ७ थान रु. ९५ हजार समेत जम्मा ११ हजार को खरिद गरेको छ । ६. पालिकाले विभिन्न ३ टिमवाट खोज पहिचान वाट भएका संक्रमित संख्या ७४ देखिन्छ । ७. पालिकाको कोभिड डेडिकेटेड अस्पताल काहुले मा ३६ दरबन्दी रहेकोमा २५ पुर्तिभई ११ रिक्त देखिन्छ । पदपुर्ति मध्ये करार संख्या १० रहेको छ । ८. कोभिड डेडिकेटेड अस्पतालमा विभिन्न १४ स्वास्थ्य उपकरण ७७३२ परिमाणमा अवश्यक रहेकोमा ७५०६ उपलब्ध भई २३५ नपुग देखिएको छ । ९. पालिकाले विभिन्न क्वारेन्टाइन हेल्पडेस्क समेतको निर्माण मा रु.९९९ हजार खर्च गरेको देखिन्छ । सो खर्च मध्ये वेड सख्या ६९ र क्वारेन्टाइनमा बस्नेहरुको संख्या १७५ जना रहेको देखियो । १०. क्वारेन्टाइन निर्माणमा विभिन्न ९ प्रकारका ३७ संख्याका सामाग्रीहरु खरिदमा रु.३८ हजार खर्च भएको देखिन्छ । ११. पालिकाले ४ टिम परिचालन गरि ७४ केस अनुसन्धान ३० कन्ट्रयाक्टमा अएका व्यक्ती २ रेफर संख्या र ९४ नमुना संकलन गरेको देखिन्छ ।	
५९.	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना सञ्चालन गर्न रु. १६२३० हजार बजेट प्राप्त भएकोमा रु.१५१०९ हजार खर्च भएको देखिन्छ ।	

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेटरकम	खर्च रकम	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
स्थानिय पुर्वाधार	५	९०००	८२०१	९१.१२	१०० देखाएको तर प्रगति विवरण पेश नभएको
प्रदेश पुर्वाधार विकास	३	७२३०	६९०८	९५.५४	१००
		१६२३०	**१५१०९**		

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५९.१.	उल्लेखित ८ आयोजना मध्ये २ योजना ठेक्काबाट र ६ योजनाहरु उपभोक्ता समितिवाट गराएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेत भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ ।	
	स्वास्थ्य तर्फ	
६०.	**औषधिको लोगो–** गाउँपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार भएको देखियो ।	

सी. न.	औषधिको नाम	म्याद समाप्त हुने मिति	निशुल्क वितरणको लोगो
१	Ibuprofen (400 mg)	jan, 2022	**नभएको**
२	metronidazole (400 mg)	dec, 2022	Ins.supply only
३	paracetamol (500 mg)	apr, 2022	ins. supply only

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४	Chloramphenicol (200mg)	sep, 2022	नभएको
५	Cloxacilin cap (500 mg)	feb, 2021	नभएको

६०.१. लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार पालिकामा विभिन्न १४ परिणामको रु.२१५०० का औषधी उपकरणहरु मर्मत हुन नसकेको अवस्था देखिन्छ ।

६०.२. लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार पालिकामा औषधी तथा समानहरुको उपयोगको स्थिती देहायबमोजीम रहेको देखिन्छ । माग तथा आवश्यकताका आधारमा मात्र औषधि तथा समानहरुको खरिद व्यवस्थापन गर्नु गराउनुनर्दछ ।

सी.न	औषधि /सर्जिकल सामानको बिबरण	मूल्य	गतको मौज्दात	यस बर्षको खरिद	यसबर्षाको खर्च	बाँकी मौजाद
1	Surgical gloves	32	1000	0		1000
2	N-95 mask	35	500	0	100	400
3	vtm kit	180	0	360		360
4	Ppe set	2200	20	0		20
5	cetamol tablet 500mg	0.9	2500	0		2500
6	Decold tablet	3	1500	0		1500
7	ORS	9.5	1800	0		1800

६०.३. **नम्समा एकरुपता नभएको:** कार्यक्रम संचालन गर्दा स्पष्ट नम्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु. ५००।०० प्रतिदिन र केही कार्यक्रममा रु. १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नम्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ ।

शिक्षा तर्फ

६१. **बिद्यालयहरुको लेखापरीक्षण:** गाउँपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । गाउँपालिकाले २३ विद्यालयहरुका लागि रु ९००० हजार विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७५।०७६ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

६१.१. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
१	जज्जुखोला मा वि किस्पाङ-१	३	३	०	१९२
२	नुचेत प्रा वि किस्पाङ-१	२	२	०	४८
३	साप्चेत प्रा वि किस्पाङ-१	१	१	०	५१
४	दुर्गमतारा प्रा वि किस्पाङ-१	०	०	०	२९
५	डिकेप प्रा वि किस्पाङ-१	२	२	०	६१
६	ज्ञानज्योति मा वि किस्पाङ-२	१२	५	७	२७२
७	सिम्राङचौर नि मा वि किस्पाङ-२	५	५	०	१३९

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

८	चन्द्रज्योति प्रा वि किस्पाङ-२	१	१	०	१८
९	कालिका नि मा वि किस्पाङ-२	३	२	०	८६
१०	महादेव प्रा वि किस्पाङ-२	१	१	०	४७
११	ताजी बा वि के किस्पाङ-२	०	०	०	१०
१२	ऐसेलु मा वि किस्पाङ-३	४	४	०	६६६
१३	पञ्चलिङगे मा वि किस्पाङ-३	८	८	०	२२०
१४	ज्योति प्रा वि किस्पाङ-३	४	४	०	६०
१५	मनकामनना प्रा वि किस्पाङ-३	१	१	०	९
१६	साल्मे मा वि किस्पाङ-४	६	२	४	३७९
१७	कन्यादेवि प्रा वि किस्पाङ-४	०	०	०	३१
१८	कालिका भूमे प्रा वि किस्पाङ-४	०	०	०	५७
१९	त्रिभुवन मा वि किस्पाङ-५	७	७	२	१९१
२०	कार्कीमनकामना प्रा वि किस्पाङ-५	६	५	१	९१
२१	भूमेदेवि प्रा वि किस्पाङ-५	३	३	०	६५
२२	जयाबुद्ध प्रा वि किस्पाङ-५	३	३	०	६६
२३	चम्पेश्वरी बा वि के किस्पाङ-५	०	०	०	९
	जम्मा	७२	५८	१४	२७९७

पालिकामा २३ विद्यालयहरु संचालनमा रहेकोमा ७२ शिक्षक दरबन्दी ५८ पदपुर्ति भएको र पदपुर्तिमध्ये १४ शिक्षक करारमा रहेको देखियो । विद्यालयहरुको EMIS अभिलेख अनुसार कुल विद्यार्थी संख्या २७९७ रहेको देखियो ।

६१.२. **विद्यालयको संख्याः** गाउँपालिका शिक्षा नियमावली, २०७५ अनुसार पूर्वाधार नभएको, विद्यार्थी संख्या कम रहेका, दुई वा दुई भन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको, दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी ३० मिनेट भन्दा कम रहेको र दुई वा सो भन्दा बढी विद्यालयको व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका अन्तगरगतका २३ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई गाउँपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ ।

विद्यालयको नाम	संचालित कक्षा	बिद्यार्थी	शिक्षक	बाल सहयोगी	कर्मचारी	निकासा रकम
साप्चेत आवि.	१-३	५१	२	१	१	८७९५१८.१०
दुर्गमतारा आवि.	१-३	२९	१	१	१	४९४२९९.००
चन्द्रज्योति आवि.	१-३	१८	१	१	१	६०१३८२.००
कन्यादेवी आवि.	१-३	३१	०	१	१	१४२०००.००
कालिकाभुमे आवि.	१-३	५७	०	१	१	१४६०००.००

६१.३. गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	शिक्षकहरुको सरुवा बढुवा र अवकासको अभिलेख राखेको पाइएन अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ ।	
६१.४.	**बढी निकासा** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।लेखापरिक्षा०लाइ प्राप्त विधालयगत माग र निकासा विवरण अनुसार गाउँपालिकाले पहिले नै निकासा दिएकोमा पुनः निकासा दिई दिएको रु.३६११७८ रकम बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व दातामा दाखिला हुनुपर्ने रु.	३६११७८

सि.न.	विधालयको नाम	चैमासीक	माग	निकासा	बढी निकासा
१	जल्जुखोला मा.वि	तेश्रो	८६९३७०	८८९९७०	२०६००
२	पन्चालिङ्ग मा. वि	पहिलो	१४३६७६५	१६२४७१५	१८८९५०
३	पन्चालिङ्ग मा. वि	दोश्रो	१२९९८७७	१४०८१७७	१०८३००
४	साल्मे मा. वि	पहिलो	१३४७३६०	१३९०६८८	४३३२८
	जम्मा				**३६११७८**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६१.५.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१३००००० तलब भत्ता भुक्तानी गरेको देखिन्छ ।	

भौ.न. मिति	विद्यालयको नाम	रकम
१४।०७७।३।२६	विभिन्न ३ विद्यालयहरु	२६००००
१३।०७७।३।२४	प्रा. वि. तह सुधार बढी अनुदान	५०००००
३।०७६।९।११	शिक्षक अनुदान नपाएका विद्यार्थीलाई अनुदान	५४००००
जम्मा		**१३०००००**

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६१.६.	**दिवा खाजा अनुदानः** विद्यालय स्रोत कार्यान्वयन पुस्तिका ०७६।०७७ को बुदा नं. ७.१ मा विद्यार्थीका लागी दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानिय तहले कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा ० देखि ५ सम्म अध्ययनरत वाललालिकाहरुको लागी विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थि दैनिक रु.१५ का दरले १८० दिनको लागी विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुले विद्यालय संचालन भएको दिनलाई आधार मानेर विद्यार्थिको दैनिक हाजिरी पुस्तिका प्रमाणित गरी स्थानिय तहमा संकलन पश्चात थप निकासा दिनुपर्नेमा पालिकाबाट विद्यालय संचालन अवधि समेतको प्रमाणित विद्यार्थि हाजिरी पुस्तिका पेश हुन आएन ।	
६१.७.	पालिकाबाट प्राप्त जानकारी अनुसार पालिका अन्तगतको २३ विद्यालयहरु मिति २०७६।१२।१४ देखि लकडाउनका कारण २०७६ असार मसान्तसम्म विद्यालय खुलेको र विद्यार्थिहरु विद्यालय गएको देखिदैन । पालिकाबाट दिवाखाजा बापतको निकासा रु.३४८४९९१ मध्ये मिति ०७७।३।२५ मा रु.२६५२७०१ निकासा खर्च लेखेको पाइयो । पालिकाले दिवाखाजा वापतको अनुदान १८० दिनमध्ये लकडाउन अवधिको करिव ६० दिनको कट्टा गरि निकासा दिनुपर्नेमा विद्यालय बन्द रहेको समयमा असार मसान्तमा निकासा दिएको रकम खर्च नभई विद्यालयहरुको खातामा नै रहिरहेको देखिन जान्छ । अत ः लकडाउन अवधिको (६० दिनको) समेत निकासा भएको रकम रु.११६१६६३ सम्वन्धीत विद्यालयहरुवाट फिर्ता लिई संघिय संचितकोषमा फिर्ता दाखिला हुनुपर्ने रु....	११६१६६३

दफा नं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६२.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु १५४०६९९० सम्परीक्षण भएको छ सोको विस्तृत विवरण मिति ०७७।१०।२२ को प्रारम्भिक प्रतिवेदनमा समावेश गरीएको छ ।	

किस्पाङ गाँउपालिकाको संचितकोषको विवरण

२०७६।०७७ **अनुसुचि १**

प्रदेशः बागमती (रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	किस्पाङ गाउपालिका	नुवाकोट	२९१९६	२५२८४३	४२३२४	१४८६६	०	३१००३३	१४७२१५	९२९५२	१२४४	२४१४११	९७८१८

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) **अनुसुचि २**

२०७६।७७ (रु हजारमा)

सि.नं.	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौ)ट			बाकी बेरुजु			बाकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	नुवाकोट	किस्पाङ गाँउपालिका	८७	२४	२५०१३	०	३	१३१२	८७	२१	२३७०१	४३८	५५३३	१७७३०	०	०	२३२६३	०	०	०

अद्यावधिक वेरुजू स्थिति **अनुसुचि ३**

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	किस्पाङ गाँउपालिका	नुवाकोट	१५८४३	१५४०७	४३६	०	२३७०१	२४१३७